आज मिति २०८२ असोज ७ गते मङ्गलबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपशील वमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८२/०८३ को **चौथो** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री केशव अधकारी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री काजीमान राई | सचिव | |

८

**प्रस्तावहरु**

१. आ. ब. २०८२/०८३ को तेस्रो कार्यपालिका बैठकको कार्यान्वन समिक्षा सम्वन्धमा ।
२. पानी तान्ने मोटर खरिद तथा वितरण सम्बन्धमा ।
३. नागरिक आरोग्य केन्द्र, स्थापना सम्बन्धमा ।
४. तिज कार्यक्रम खर्च सम्बन्धमा ।
५. ज्योती जनता बहुमुखी क्याम्पसमा क्यान्टिन निर्माण सम्बन्धमा ।
६. खसी फुटबल कप सम्बन्धमा ।
७. शुभकामना आदान प्रदान कार्यक्रम सम्बन्धमा ।
८. मौलो पुजा सम्बन्धमा ।
९. नगरका बाटो मर्मत गर्न ब्याक हो लोडर र ट्याक्टर भाडामा लिने सम्बन्धमा ।
१०. दुर्गा भवानी सेवा सदन चौ. न. पा -७ को माग सम्बन्धमा ।
११. ईन्धनको भुक्तानी सम्बन्धमा ।
१२. टोल विकास संस्था (गठन तथा परिचालन )कार्यविधी संशोधन सम्बन्धमा ।
१३. नगरको गाडी आगजनीको बिमा दावी भुक्तानी माग सम्बन्धमा ।
१४. भाद्र २३ र २४ गतेको आन्दोलनले पुर्याएको क्षती र अराजक गतिबिधी प्रती दुःख तथा घोर भत्सर्ना सम्बन्धमा ।
१५. आर्थिक सहायता सम्बन्धमा ।
१६. दिगो विकास लक्ष्यहरुको स्थानीयकरण सम्बन्धी प्रतिबेदन भुक्तानी सम्ब्रन्धमा ।
१७. आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी प्रतिबेदन भुक्तानी सम्बन्धमा ।
१८. प्रारम्भिक वातावरणिय परिक्षण प्रतिबेदन भुक्तानी सम्बन्धमा ।

## निर्णयहरुः

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ भाद्र ४ गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को तेस्रो नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडामा बसोबास गर्ने तपशील वमोजिमका व्यक्तिहरुलाई तपशील वमोजिमका पानी तान्ने मोटर **कार्यक्रम खर्च** शीर्षकबाट खरिद गरेर उपलब्ध गराउने निर्णय गरियो-

**तपशील**

| क्र.सं. | नाम थर | ठेगाना | मोटरको साइज | सङ्ख्या |
|---|---|---|---|---|
| १. | प्रकाश कुमार चौधरी | वडा नम्बर ९ | २ इन्च | १ थान |
| २. | तिलक बहादुर राई | वडा नम्बर ६ | २ इन्च | १ थान |
| ३. | गोपाल राउत | वडा नम्बर ९ | २ इन्च | १ थान |
| ४. | पवन कुमार दाहाल | वडा नम्बर १० | १.५ इन्च | १ थान |
| ५. | हरि प्रसाद पौडेल | वडा नम्बर १० | २ इन्च | १ थान |
| ६. | अभिमन्य गेलाल | वडा नम्बर ९ | २ इन्च | १ थान |
| ७. | तुलसी बञ्जरा | वडा नम्बर ७ | १.५ इन्च | १ थान |
| ८. | कृष्णकुमार बिष्ट | वडा नम्बर ४ | ३ इन्च | १ थान |
| ९. | दलित बस्ती | वडा नम्बर ३ | २ इन्च | १ थान |
| १०. | दिलिप खत्री | वडा नम्बर ९ | २ इन्च | १ थान |
| ११. | मुकेश राई | वडा नम्बर ४ | २ इन्च | १ थान |
| १२. | भुपाल कोइराला | वडा नम्बर २ | २ इन्च | १ थान |

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा नेपाल सरकार स्वस्थ्य मन्त्रालयबाट चालू आर्थिक वर्ष २०८२/०८३ का लागि नागरिक आरोग्य केन्द्र स्थापना गर्नका लागि यस नगरपालिकाका लागि बार्षिक बजेट स्वीकृत भएको छ । स्वीकृत बार्षिक बजेटबाट यस नगरपालिकाको वडा नम्बर ९ मा सो कार्यक्रम सञ्चालन गर्नका लागि वडा कार्यालयबाट माग भइ आएको हुँदा उक्त कार्यक्रम वडा नम्बर ९ मा सञ्चालन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा नेपाली नारीहरुको माहन् पर्व हरितालिका तीजलाई १० वटै वडामा भव्य रुपमा मनाउनका लागि वडा कार्यालयको सिफारिसका आधारमा प्रत्येक वडामा **रु. २०,०००/-** का दरले **विभिन्न जातीय चाडबाड, धर्म संस्कृती संरक्षण कार्यक्रम** शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ एफ. नेपाल बिच मिती २०८१ साल पौष २ गते यस चौदण्डीगढी नगरपालिका वडा नं. ६ मा रहेको ज्योती जनता बहुमुखी क्याम्पस परिसरमा क्यान्टिन भवन निर्माणको लागि सम्झौता भएको थियो । उक्त परियोजनाको कूल लागत **रु. १,४१,४२,१४१/-** अनुमान गरी लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ एफ. नेपालले कूल लागतको ७५ प्रतिशतले हुन आउने **रु. १,०६,०६,६०६** र नगरपालिकाले २५ प्रतिशतले हुन आउने **रु. ३५,३५,५३५** व्यहोर्ने, क्यान्टिन भवन निर्माणको नाममा एउटा छुट्टै खाता खोली उक्त खाता

सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरमा सञ्चालन हुने र उक्त खातामा पालिका र लायन्स क्लबले व्यहोर्नु पर्ने रकम दाखिला गरी निर्माण प्रक्रिया अघि बढाउनु पर्ने भएकोले ज्योती जनता बहुमुखी क्याम्पस क्यान्टिन भवन निर्माण शीर्षकमा विनियोजन गरिएको **रु. २९,००,०००** र अघिल्लो आ.ब. २०८१/०८२ मा विनियोजन गरी विविध खर्च खातामा राखिएको **रु. ६,००,०००** गरी जम्मा रु. **३५,३५,३३५** ज्योती जनता बहुमुखी क्याम्पस क्यान्टिन भवन निर्माणको खातामा निकासा गर्ने र निर्धारित समयमा परियोजना सञ्चालन हुन नसकेको खण्डमा उक्त रकम पालिकाकै खातामा फिर्ता ल्याउने गरी निकासा गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नम्बर ७ को पञ्चावती टोल विकास संस्थाले बडा दशैंको अवसर पारेर साविकको वर्षमा जस्तै खसी फुटबल आयोजना सञ्चालन गरिरहेको हुँदा उक्ता टोल विकास संस्थाको माग निवेदनअनुसार खेलकुद विकास समितितर्फ बिनियोजन भएको बजेटबाट **रु. ३५,०००/-** बिनियोजन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा नजिकै आइरहेको नेपालीहरुको महान चाड बडा दशैं, दिपावली तथा छैठ पर्बको अवसर पारेर यस नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दलका प्रमुख तथा पदाधिकारी, टोल विकास संस्थाका पदाधिकारीहरु, सङ्घसंस्थाका पदाधिकारीलगायतको उपस्थितिमा तपशीलको मिति, समय र स्थानमा शुभकामना आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो-

**<u>तपशील</u>**

**मिति** - २०८२ असोज १० गते
**समय** - बिहान ११ बजे
**स्थान** - नगरपालिकाको सिटीहल

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा नजिकै आइरहेको नेपालीहरुको महान चाड विजय दशमीको अवसरमा यस नगरपालिका क्षेत्रभित्र रहेका तपशील वमोजिमको सुरक्षा निकायहरुलाई मौलोपूजा गर्नका लागि **विविध खर्च** शीर्षकबाट निम्नानुसारको बजेट भुक्तानी दिने निर्णय गरियो-

**<u>तपशील</u>**

| क्र. स. | सुरक्षा संस्थाको नाम | रकम |
|---|---|---|
| १. | इलाका प्रहरी कार्यालय, बेल्टार | ४०,०००/- |
| २. | शसस्त्र प्रहरी बेश क्याम्प, बेल्टार | २५,०००/- |
| ३. | इलाका प्रहरी, सुन्दरपुर | १०,०००/- |
| ४. | प्रहरी चौकी, हडिया | १०,०००/- |
| ५. | प्रहरी चौकी, बसाहा | १०,०००/- |
| ६. | प्रहरी चौकी, माडिबास | ५०००/- |
| ७. | जिल्ला कारागार, उदयपुर | २०,०००/- |

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा नजिकै आइरहेको नेपालीहरुको महान चाड विजय दशमीको अवसरमा नगरपालिकाको सबै वडामा रहेका सडकहरुलाई मर्मत सम्भार गरी आवागमनमा सहजता ल्याउनका लागि वडा कार्यालयबाट अनुरोध भइ आएको छ । यस नगरपालिका मातहत रहेको १ थान ब्याक हो लोडर हाल पहाडी क्षेत्रमा रहेका १ नम्बर र ८ नम्बरका सडकहरु मर्मत गर्नका लागि प्रयोग भइ रहेको हुनाले तत्काल दशै अगाडी वडा नम्बर ५, ९ र १० का सडकहरु मर्मत गर्नका लागि १ थान ब्याक हो लोडर र ट्याक्ट्र भाडामा लिएर सडक मर्मत सम्भार गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा दुर्गा भवानी सेवा सदन, चौदण्डीगढी नगरपालिका वडा नम्बर ७ ले कार्यालयमा पेश गरेको निवेदन उपर छलफल गर्दा सो **संस्थालाई विविध कार्यक्रम खर्च** शीर्षकबाट मन्दिर रङ्ग रोगन गर्नका लागि **रु. २५,०००/-** रकम भुक्तानी दिने निर्णय गरियो ।

११. प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ को श्रावण महिनादेखि भाद्र मसान्तसम्मको विभिन्न मितिमा जारी भएको कुपनमार्फत् खरिद गरिएको डिजल र पेट्रोलको कूल खर्च **रु. २५,०८,९४५.११** भुक्तानी पाउँ भनी खतिवडा ट्रेड एण्ड सप्लायर्स, वडा नम्बर ६ बेल्टारले कार्यालयमा निवेदन पेश गरेको । पेश भएको निवेदन उपर आजको बैठकमा छलफल गर्दा पेश भएको बील भरपाइका आधारमा सम्बन्धित शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१२. प्रस्ताब नम्बर १२ उपर छलफल गर्दा यस नगरपालिकाको कार्यालयले स्वीकृत गरी लागू गरिएको ***टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८*** का बिभिन्न दफा संशोधन गरी सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा २०८२ भाद्र २३ र २४ गते नेपालका विभिन्न शहरमा भएको जेन-जी आन्दोलनका क्रममा यस नगरपालिकाको स्वामित्वमा रहेको महिन्द्रा कम्पनीको १ थान स्कार्पयो गाडी सिंहदरबार काठमाडौँको परिसरमा आन्दोलनकारीहरुमार्फत् आगजानी गराई क्षति गरेको हुँदा सोप्रति दुःख व्यक्त गर्दै विमा कम्पनीमार्फत् नियमानुसार बिमा रकम भुक्तानीका लागि सम्बन्धित बीमा कम्पनीमा भुक्तानी दावी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१४. प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा २०८२ भाद्र २३ र २४ गते नेपालका विभिन्न शहरमा भएको जेन-जी आन्दोलनका क्रममा अराजक समूहमार्फत् धेरै सरकारी भवन, सवारी साधन तथा अन्य सार्वजनिक सम्पत्ती र अधिकांश व्यक्तिका निजी सम्पत्तीमा अत्यधिक क्षति पुर्याएको हुँदा सोप्रति दुःख प्रकट गर्ने निर्णय गरियो ।
साथै सोही मितिमा यस नगरपालिकाको प्रशासनिक भवन तथा अन्य सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा समेत क्षति पुर्याउनका लागि यस पालिकाभित्र बसोबास गर्ने केही स्व-घोषित समाजसेवीहरुले जेन-जी समूहलाई गलत नेतृत्व गरेको जानकारी प्राप्त भएको हुँदा सो कार्यप्रति दुःख व्यक्त गर्दै समाजमा अराजकता फैलाउने यस्ता गतिविधिको घोर भत्सर्ना गर्ने र आगामी दिनमा यस्ता गतिविधि पुनः दोहरिन गएमा कानुनी कारबाही अगाडी बढाउने निर्णय गरियो ।

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा त्रियुगा नगरपालिका, वडा नम्बर ९ निवासी फुन्दे विश्वकर्माले यस कार्यालयमा पेश गरेको निवेदन उपर छलफल गर्दा निजलाई उपचार गर्नका लागि अन्य सहायता शीर्षकबाट रु. २०,०००/- भुक्तानी दिने निर्णय गरियो ।

१६. प्रस्ताव नम्बर १६ उपर छलफल गर्दा यस नगरपालिकाको अठरौँ नगर सभाबाट दिगो विकासको लक्ष्यहरुको स्थानीयकरणसम्बन्धी प्रतिवेदन तयार गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । बिनियोजित बजेटबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्था श्री स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.लि., धापासी-८, काठमाडौँ र कार्यालयबीचमा मिति २०८२ असोज मसान्तभित्रमा कार्यसम्पन्न गर्ने गरी मिति २०८२ श्रावण २७ गते द्विपक्षीय सम्झौता भइ कायदिश दिइएको थियो । परामर्शदाता कम्पनीले द्विइपक्षीय सम्झौताअनुसारको कार्य सम्पन्न गरी १ प्रति मस्यौदा प्रतिवेदन कार्यालयमा पेश गरेको छ । सो प्रतिवेदन आजको बैठकमा पेश भइ छलफल हुँदा केही सूझावहरु दिइएको हुँदा सो सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश भएपश्चात नियमानुसार सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

१७. प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा यस नगरपालिकाको अठरौँ नगर सभाबाट आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी प्रतिवेदन तयार गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । बिनियोजित बजेटबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्था ग्राण्ड रिसर्च सेन्टर प्रा.लि., नयाँ बानेश्वर, काठमाडौँ र कार्यालयबीचमा मिति २०८२ असोज मसान्तभित्रमा कार्यसम्मपन्न गर्ने गरी मिति २०८२ श्रावण २८ गते द्विपक्षीय सम्झौता भइ कायदिश दिइएको थियो । परामर्शदाता कम्पनीले द्विइपक्षीय सम्झौताअनुसारको कार्य सम्पन्न गरी १ प्रति मस्यौदा प्रतिवेदन कार्यालयमा पेश गरेको छ । सो प्रतिवेदन आजको बैठकमा पेश भइ छलफल हुँदा केही सूझावहरु दिइएको हुँदा सो सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश भएपश्चात नियमानुसार सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

१८. प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा यस नगरपालिकाको अठरौँ नगर सभाबाट लागत अनुमान तयार गरी पालिकाभित्रका खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् गर्ने कार्यका लागि तयार भएको प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदनमा अद्यावधिक गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको थियो । बिनियोजित बजेटबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्था श्री ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि., बुद्दनगर, काठमाडौँ र कार्यालयबीचमा मिति २०८२ असोज मसान्तभित्रमा कार्यसम्मपन्न गर्ने गरी मिति २०८२ भाद्र २ गते द्विपक्षीय सम्झौता भइ कायदिश दिइएको थियो । परामर्शदाता कम्पनीले द्विइपक्षीय सम्झौताअनुसारको कार्य सम्पन्न गरी १ प्रति मस्यौदा प्रतिवेदन कार्यालयमा पेश गरेको छ । सो प्रतिवेदन आजको बैठकमा पेश भइ छलफल हुँदा केही सूझावहरु दिइएको हुँदा सो सुझावलाई समावेश गरी अन्तिम प्रतिवेदन कार्यालयमा पेश भएपश्चात नियमानुसार सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

१९. प्रस्ताव नम्बर १९ उपर छलफल यस नगरपालिकाको ५ नम्बर वडा कार्यालयमार्फत् प्राप्त पत्रउपर छलफल गर्दा वडा कार्यालयको परिसरभित्र रहेको बगैँचालाई व्यवस्थापन गर्न र वडा कार्यालयमार्फत् प्रवाह हुने सेवालाई थप प्रभावकारी र व्यवस्थित गर्नका लागि सोही वडा निवासी जयकुमार चौधरीलाई अर्को व्यवस्था नभएसम्मका लागि दैनिक रु. ८५०/- ज्याला प्राप्त गर्ने गरी मिति २०८२ असोज ८ गतेदेखि ज्यालादारी कर्मचारीमा नियुक्ती गर्ने निर्णय गरियो ।